# साना किसान विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौं, फोन नं.०१-४१११८२८, Website : www.skbbl.com.np

## सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७४/०८/०१ गते)**

यस बैंकको मिति २०७४ कार्तिक २१ गते बसेको सञ्चालक समितिको ३०३ औं बैठकको निर्णयानुसार बैंकको सोह्रौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

### सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७४ मंसिर २९ गते (December 15, 2017) शुक्रबार

(२) समय : बिहान ११.०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

### छलफलका विषयहरु:

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७३/०७४ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ. व. २०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) बमोजिम वर्तमान लेखापरीक्षक सि.ए. महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भई आएको छ ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को १.३१६ प्रतिसतले हुने नगद लाभांश रु.६६,१९,२४१/३७ (अक्षरेपी छैसट्ठी लाख उन्नाईस हजार दुई सय एकचालीस रुपैयाँ सैंतीस पैसा) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धी सञ्चालक समतिको प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७३/७४ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई चुक्ता पुँजी रु. ५०,३०,६२,३४३/७५ को २५ प्रतिसतले हुने रु.१२,५७,६५,५८५/९४ (अक्षरेपी बाह्र करोड सन्ताउन्न लाख पैंसट्ठी हजार पाँच सय पचासी रुपैयाँ चौरानब्बे पैसा) बराबरको बोनस सेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) प्रबन्धपत्र र नियमावलीमा कम्पनीको नाम परिवर्तन, पुँजी वृद्धि, उद्देश्य, काम, सञ्चालक समितिको संरचना लगायतका विषयमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(३) नियमनकारी निकायबाट प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकताअनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव,

**साना किसान विकास बैंक लि.**

### वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ बैंकको सेयरधनी दर्ता किताब मिति २०७४/०८/१० देखि २०७४/०८/२९ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७४/०८/०९ गते सम्म कारोबार भई सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरुले यो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) वार्षिक साधारणसभामा उपस्थित हुने सेयरधनी महानुभावहरुले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथंकदाचित सो सम्भव नभए सेयरधनी प्रमाणपत्र वा डिम्याट नं. साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाईने छैन । शान्ति-सुरक्षाको दृष्टिकोणले सेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथासक्य झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ ।

(३) सेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु बैंकको वेभ साईट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरु बैंकको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने काठमाडौं तथा सेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(४) सेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईने छ ।

(५) सेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत बैंक सम्बन्धी केही जिज्ञासा भए इच्छुक सेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

(६) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ९६ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एकै सेयरधनीले एक भन्दा बढि प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक सेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएता पनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफनो सेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।

(७) नाबालक वा विक्षिप्त अवस्थाका सेयरधनीका तर्फबाट कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ । तर संरक्षकले आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको सेयरधनीको बाहेक अन्य सेयरधनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका सेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वत: बदर हुनेछ ।

(९) प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति बैंकको सेयरधनी हुनु पर्ने छ ।

(१०) संयुक्त नाममा सेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकर्रर गरिएको व्यक्तिले अथवा सेयरधनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(११) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको सेयर खरीद गरेको अवस्थामा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । तर, संस्थापक सेयरधनी साना किसान कृषि सहकारी संस्था लि. हरुबाट प्रतिनिधि मनोनयन भई आएका व्यक्तिको हकमा भने निज प्रतिनिधि सम्बधित साना किसान कृषि सहकारी संस्था लि.को सेयरधनी रहेको हुनु पर्ने छ ।

(१२) सेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि खुला रहने छ ।

(१३) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा बैंकको वेभ साईट www.skbbl.com.np मा हेर्नु हुन र कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

## साना किसान विकास बैंक लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण (कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम)

आदरणीय शेयरधनी महानुभावहरु, यस साना किसान विकास बैंक लि.को सोह्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ यस लघुवित्त विकास बैंकको आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरु र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरु समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

### लघु वित्त विकास बैंकको कारोवार तथा वित्तीय स्थिति

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो लघुवित्त विकास बैंक लघुवित्तको सेवा विस्तार गर्दै सवल वित्तीय अवस्था हासिल गर्न सफल भएको छ । यस लघुवित्त विकास बैंकले आ.ब.२०७३/७४ मा १,०७,६८० थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ६,४९,३३२ परिवारलाई लघुवित्त सेवा पुर्‍याउन सफल भएको छ । प्रतिवेदन वर्षसम्ममा यस लघुवित्त विकास बैंकमा कुल ६०२ सहकारीहरु आवद्ध रहेकामा सो संख्या ६५५ पुगेको छ ।

आ.व. २०७२/७३ मा रु.९ अर्ब ७९ करोड ७९ लाख कर्जा लगानी गरेकोमा आ. व. २०७३/७४ मा २२.२०% ले बृद्धि गरी रु.११ अर्ब ९७ करोड ३४ लाख लगानी गर्न सफल भएको छ । सावाँ असुली तर्फ अघिल्लो आ.व.मा रु. ६ अर्ब ८६ करोड ५ लाख भएकोमा प्रतिवेदन वर्षमा ३१.३६% ले बृद्धि भई ९ अर्ब १ करोड २६ लाख पुगेको छ । आ.व.२०७२/७३ को अन्तमा लगानीमा रहिरहेको कुल रकम रु. ११ अर्ब ३ करोड ४१ लाख रहेकोमा २६.८३%ले बृद्धि भई प्रतिवेदन वर्षमा १३ अर्ब ९९ करोड ४९ लाख पुगेको छ ।

आ.व. २०७२/७३ मा कुल सञ्चालन आम्दानी रु. ४८ करोड ८३ लाख रहेकोमा आ.व. २०७३/७४ मा ३१ प्रतिसतले वृद्धि भई रु. ६३ करोड ९७ लाख पुगेको छ । साथै आ.व. २०७२/७३ मा खुद मुनाफा रु. २२ करोड ३३ लाख रहेकोमा आ.व. २०७३/७४ मा ४८ प्रतिसतले बृद्धि भई रु.३३ करोड ८ लाख पुगेको छ । २०७३ आषाढ मसान्तमा बैंकको संचित मुनाफा रु. १७ करोड ३८ लाख रहेको थियो भने समिक्षा वर्षमा १७ प्रतिशतले वृद्धि भई यो २४ करोड ३८ लाख पुगेको छ । आ.व.२०७३/७४ को मुनाफाको वितरणयोग्य मुनाफाबाट सञ्चालक समितिबाट साधारणसभा समक्ष चुक्ता पुँजी रु.५०,३०,६२,३४३.७५ को २५% ले हुने रु.१२,५७,६५,५८५/९४ को बोनस शेयर र बोनस शेयरको कर समायोजनको लागि १.३१६% को नगद लाभांश रु.६६,१९,२४१/३७ गरी जम्मा रु.१३,२३,८४,८२७/३१ बराबरको मुनाफा वितरण गर्ने गरी सञ्चालक समितिले प्रस्ताव गरेको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात मिति २०७४/०५/३० मा प्राप्त यस बैंकको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका-१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

### तालिका-१ वासलात

| क्रसं | विवरण | २०७४ असार | २०७३ असार | बृद्धि/(ह्रास) | २०७४ असोज[क] |
|---|---|---|---|---|---|
| १. | शेयर पुँजी | ६२८,८२७,९२९.६९ | ५०३,०६२,३४३.७५ | २५% | ६२८,८२७,९२९.६९ |
| २ | जगेडा तथा कोषहरु | ९७८,७१२,८५९.०३ | ७९८,८०३,८५८.७२ | २३% | १०६०७३५१०८.८६ |
| ३ | ऋणपत्र तथा बन्ड | - | - | - | - |
| ४ | तिर्न बाँकी कर्जा सापट | ११,९४९,५५०,५०७.३४ | ९,६७०,१९४,०७६.४७ | २४% | १२,८५०,०७६,९४४.५१ |
| ५ | निक्षेप दायित्व | - | - | - | - |
| ६ | प्रस्तावित नगद लाभाँश | ६,६१९,२४१.३७ | ५,२९५,३९३.०९ | २५% | ६,६१९,२४१.३७ |
| ७ | आयकर दायित्व | ९,५१४,२३५.६० | २,७२७,३५६.९६ | २४८% | ३४,९६५,७८७.८३ |
| ८ | अन्य दायिंत्व | १,१५१,८३७,५२२.८० | ९५०,५६०,५२३.७८ | २१% | १,३५१,८०५,०७६.६३ |
| **कुल पुँजी तथा दायित्व** | | **१४,७२५,०६२,२९५.८३** | **११,९३०,६४३,५५२.७७** | | **१५,९३३,०३०,०८८.८९** |
| १ | नगद मौज्दात | - | २१९,५७५.०० | - | ३३१,८६४.२८ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६२,५००,०००.०० | ४९,५००,०००.०० | २६% | ६४,५००,०००.०० |
| ३ | बैक/वित्तीय संस्थामा रहेको मौज्जात | २५६,३११,३०४.३५ | १६३,७३५,४८२.६३ | ५६% | ३६५,११४,७७९.१८ |
| ४ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ३४०,२८७,२२०.११ | ६०२,०६८,७६६.७४ | -४४% | ८१२,९२३,६०५.०६ |
| ५ | लगानी | १७८,१७१,२००.०० | १९२,१७१,२००.०० | - | ९८,१७१,२००.०० |
| ६ | कर्जा सापट[ख] | १३,७७५,८२५,८२७.२० | १०,८५०,५०६,५६६.५९ | २७% | १४,४९७,५५४,२१४.६५ |
| ७ | स्थीर सम्पत्ति | १८,०२८,००६.९९ | १९,९२९,४११.४७ | -१०% | १८,४५७,६२६.५७ |
| ८ | गैर बैकिङ्ग सम्पत्ति | - | - | - | - |
| ९ | अन्य सम्पत्ति | ९३,९३८,७३७.१८ | ५२,५१२,५५०.३४ | ७८% | ७५,९७६,७९९.१५ |
| **कुल सम्पत्ति** | | **१४,७२५,०६२,२९५.८३** | **११,९३०,६४३,५५२.७७** | | **१५,९३३,०३०,०८८.८९** |

*[क]=आ.व. २०७४/७५ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण । [ख]=सम्भावित नोक्सानी व्यवस्था घटाई खुदमा प्रस्तुत गरिएको ।*

### तालिका-२ नाफा नोक्सान हिसाव

| विवरण | २०७४ असार | २०७३ असार | बृद्धि/(ह्रास) | २०७४ असोज[क] |
|---|---|---|---|---|
| १. व्याज आम्दानी | १,०९०,१४०,८३५.०९ | ७५०,७०१,५८०.८५ | ४५% | ३४७,३३८,७७०.९५ |
| २. व्याज खर्च | ४५१,४९०,९०५.१५ | २६२,७१४,४१५.१८ | ७१% | १८४,००६,६०१.११ |
| **खुद व्याज आम्दानी** | **६३८,६४९,९२९.९४** | **४८७,९८७,१६५.६७** | ३०% | १६३,३३२,१६९.८४ |
| ३. कमिसन तथा अन्य संचालन आम्दानी | १,०१४,६३५.०३ | ३६१,५१६.७८ | १८०% | ९६,६७४.८४ |
| ४. सटही घटवढ आम्दानी | - | - | ० | - |
| **कूल सञ्चालन आम्दानी** | **६३९,६६४,५६४.९७** | **४८८,३४८,६८२.४५** | ३१% | १६३,४२८,८४४.६८ |
| ५. कर्मचारी खर्च | ५३,८८३,०३९.९० | ४३,२३१,१२९.७२ | २५% | १३,७७८,२१६.९४ |
| ६. अन्य सञ्चालन खर्च | ३१,९७५,८०७.८४ | २७,१८९,८१८.७३ | १७% | ७,२१९,१७९.७१ |
| ७. सटही घटवढ नोक्सान | - | - | ० | - |
| **सम्भावित नोक्सानी अघिको सञ्चालन मुनाफा** | **५५३,८०५,७१७.२३** | **४१७,९२७,७३४.००** | ३२% | १४२,४३१,४४८.०३ |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | ३५,४८८,९६३.९१ | ६८,३१२,०००.०० | -४८% | १३,५३९,३४१.१६ |
| **सञ्चालन मुनाफा** | **५१८,३१६,७५३.३२** | **३४९,६१५,७३४.००** | ४८% | **१२८,८९२,१०६.८७** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | १,३६६,४८४.१९ | १,७९६,४८२.८२ | -२३% | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - | ० | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **५१९,६८३,२३७.५१** | **३५१,४१२,२१६.८२** | ४८% | **१२८,८९२,१०६.८७** |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - | - | ० | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **५१९,६८३,२३७.५१** | **३५१,४१२,२१६.८२** | ४८% | **१२८,८९२,१०६.८७** |
| १२. कर्मचारी वोनस व्यवस्था | ४७,२४३,९३०.६८ | ३१,९४६,५६५.१७ | ४८% | ११,७१७,४६४.२६ |
| १३. आयकर व्यवस्था | १४१,६८०,०१५.०९ | ९६,२०८,६६७.७२ | ४७% | ३५,१५२,३९२.७८ |
| - यस वर्षको कर व्यवस्था | १४३,७६५,८६४.६७ | ९६,४२७,४४३.७६ | ४९% | ३५,१५२,३९२.७८ |
| - विगत वर्षसम्मको कर व्यवस्था | - | - | ० | - |
| - यस वर्षको स्थगन कर आम्दानी/खर्च | (२,०८५,८४९.५८) | (२१८,७७६.०४) | ८५३% | - |
| **खुद नाफा/नोक्सान** | **३३०,७५९,२९१.७५** | **२२३,२५६,९८३.९३** | ४८% | **८२,०२२,२४९.८३** |

*क=आ.व. २०७४/७५को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण ।*

आ.व. २०७२/७३ को अन्तमा निष्कृय कर्जाको अंश ०.०७ प्रतिसत रहेकोमा समीक्षा वर्षमा बढेर ०.१० प्रतिसत भएको छ । यसै गरी आ.व. २०७३/७४ मा जोखिम भारित सम्पत्तिको १०.०७ प्रतिसत बराबरी कुल पूँजी कोष पुगेको छ भने प्रतिशेयर बुक नेटवर्थ रु. २५५.६४ रहेको छ । तालिका-३ मा अन्य महत्वपूर्ण वित्तीय सूचकहरु प्रस्तुत गरिएको छ ।

तालिका-३ केही महत्वपूर्ण वित्तीय सूचकहरु

| क्रसं | विवरण | सूचकाङ्क | आ.व.७३/७४ | आ.व.७२/७३ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिसत | ३०.३१ | २९.५० |
| २ | प्रति शेयर आम्दानी | रु. | ५२.६० | ४४.०४ |
| ३ | प्रति शेयर बजार मूल्य | प्रतिसत | १५०२.०० | २,४९९.०० |
| ४ | मूल्य आम्दानी अनुपात (PE Ratio) | प्रतिसत | २८.५६ | ५६.७४ |
| ५ | शेयर पुँजीमा लाभांश (वोनस सहित) | प्रतिसत | २६.३२ | २६.३२ |
| ६ | शेयर पुँजीमा नगद लाभांश भुक्तानी | प्रतिसत | १.३२ | १.३२ |
| ७ | व्याज आम्दानी/कर्जा तथा सापट | अनुपात | ८.५७ | ७.५९ |
| ८ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिसत | ९.४१ | १०.७७ |
| ९ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिसत | ३.८८ | २.८९ |
| १० | निष्क्रय कर्जा/कुल कर्जा | प्रतिसत | ०.१० | ०.०७ |
| ११ | जोखिम भारित सम्पत्तिमा पुँजीकोषको पर्याप्तता- कुल पुँजीकोष | प्रतिसत | १०.१५ | १०.०७ |
| १२ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | २५५.६४ | २५८.०५ |

**चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति**

आ.व.२०७३/७४ को असोज मसान्तमा आयकर र वोनस व्यवस्था पछिको नाफा रु. ७ करोड ९१ लाख रहेकोमा चालु आ.व. २०७४/७५ को असोज मसान्तमा रु.८ करोड २० लाख हुन गएको छ । २०७३ असोजमा खुद कर्जा तथा सापट रु.११ अर्ब २७ करोड ३९ लाख रहेकोमा २०७४ साल असोज मसान्तसम्ममा रु.१४ अर्ब ४९ करोड ७५ लाख पुगेको छ । २०७३ को असोजमा कुल निष्क्रिय कर्जाको प्रतिसत ०.११ प्रतिसत रहेकोमा सोमा बृद्धि भै २०७४ साल असोज मसान्तमा ०.१२ प्रतिसत भएको छ । चालु आर्थिक वर्षको असोज मसान्तसम्मको आर्थिक विवरण तालिका-१ र २ मा समावेश छ ।

**भविष्यका योजनाहरु**

यस लघुवित्त विकास बैंकको भविष्यका योजनाहरु निम्नानुसार रहेका छन् ।

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरुमा सेवा विस्तारका लागि क्रमश: कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिला आदि लघुवित्त सेवाबाट बञ्चित वर्गको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरुलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) साना किसान सम्मेलन २०७१ को घोषणा पत्रमा उल्लिखित लक्ष्य र उद्देश्य प्राप्तिका लागि नेपाल सरकार, सहयोगी निकायहरु तथा दातृ संस्थाहरुसँग समन्वय गरिनेछ ।

(४) नेपाल सरकारको सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिने छ ।

(५) तरकारी (खास गरी आलु) खेतीका लागि सहुलियतपूर्ण सहज कर्जाको व्यवस्था गरी मुलुकलाई तरकारीमा आत्मनिर्भर बनाउन नेपाल सरकारसँग सहयोग र सहकार्यको सम्भावना खोजी गरिनेछ ।

(६) यस बैंकको नेतृत्वमा विपन्न तथा साना किसानहरुलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरुमा सहभागी गराई सहकारी कृषि प्रशोधनशाला स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरुसँग समन्वय गरिने छ ।

(७) बैंकको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरु पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिने छ ।

(१०) साना किसान विकास बैंकको सञ्चालक समितिमा समूह “क” संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि.हरुबाट प्रतिनिधित्व हुने ३ जना मध्ये एक जना महिला सञ्चालक रहने व्यवस्था गरिने छ ।

(११) कार्यक्षेत्र भित्रका विपन्न तथा साना किसान परिवारमा सुधारिएको चुल्हो, सौर्य उर्जा र गोबरग्यास जस्ता नविकरणीय उर्जाको विस्तारलाई निरन्तरता दिईनेछ ।

(१२) बिपन्न तथा साना किसानहरुमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवं पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(१३) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको श्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैंकको मुनाफामा बृद्धि गरी शेयरधनीहरुलाई यथोचित प्रतिफल उपलब्ध गराइनेछ ।

**लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरु तथा नेपाल राष्ट्र बैंकबाट निर्देशन भएका बूँदाहरु सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा योजना:**

(क) लेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका कैफियतहरु प्रत्येक वर्षमा सुधार गरिदै आएको छ । सो प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकबाट निर्देशन भएका बूँदाहरु पालना गर्ने सम्बन्धमा यस समितिको प्रतिक्रिया एवं प्रगति निम्न बमोजिम रहेको छ :

(१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) मा व्यवस्था भए बमोजिम स्वतन्त्र सञ्चालक नियुक्त गर्ने सम्बन्धमा संस्थाको नियमावलीमा आवश्यक संसोधनको विशेष प्रस्ताव बैंकको १६ औं साधारण सभामा निर्णयार्थ पेश गरिने हुँदा सो प्रकृया पुरा गरि स्वतन्त्र सञ्चालकको नियुक्ती समेत गरिने व्यहोरा अनुरोध छ ।

(२) संस्थाको नाममा विकास बैंक भन्ने शब्द भई रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (५) र (६) ले घ वर्गका इजाजतपत्र प्राप्त संस्थालाई बैंक भन्ने नाम प्रयोग गर्न बन्देज लगाएकोले यसै १६औं वार्षिक साधारण सभाबाट निर्देशन बमोजिम नाम परिवर्तनको विशेष प्रस्ताव साधारणसभामा निर्णयार्थ पेश गरिने व्यहोरा अनुरोध छ ।

(३) संस्थाको आन्तरिक तथा बाह्य लेखा परीक्षकको साथै नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण तथा गैर स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याईएका अन्य कैफियतहरु पुनः नदोहोरिने गरि सुधार गर्न एवं सोको अनुगमन व्यवस्थालाई सुदृढ गर्न यो बैंक प्रतिवद्ध रहेको व्यहोरा अनुरोध छ ।

(ख) यस बैंकको आर्थिक विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) अनुसार तयार नपारिएको भएपनि नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनका अनुरुप रहेको छ । बैंकले आगामी दिनमा नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) अनुसार आर्थिक विवरण तयार पार्न प्रयास सुरु गरिएको छ ।

संक्षिप्त वार्षिक आर्थिक विवरण लेखापरीक्षण भएको वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदन अनुरुप छ ।

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण

**क. निकायको स्वरुप र प्रकृति :**

यो बैंक कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो ।

**ख. निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा समय समयमा जारी हुने परिपत्रहरु र बैंकको आन्तरिक नीति नियम, कार्यविधि र निर्णयहरुले तोके बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र विवरण :**

यस निकायमा कार्यरत कर्मचारी संख्या ८८ (करारमा रहेका समेत) रहेको छ र बैंकले तोकेका विभिन्न इलाका कार्यालय, एकाई कार्यालय र केन्द्रीय कार्यालयमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुबाट कामहरु सम्पादन हुँदैआएको छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**

साना किसान सहकारी संस्था लगायत अन्य यस्तै प्रकृतिका लघुवित्त संस्थाहरुलाई लघुवित्त प्रयोजनका लागी थोककर्जा प्रदान गर्ने, त्यस्ता संस्थाहरुको क्षमता विकासका लागि प्राविधिक सहयोग पु-याउने, सेवा वञ्चित क्षेत्रमा साना किसान अनुसरण कार्यक्रम सञ्चालन गर्ने, साना किसानहरुलाई कृषि मूल्य श्रृङ्खलाका चरणहरुमा सहभागिताको अवसर निर्माण गर्ने र त्यस्ता संस्थाहरुको अनुगमन एवं मुल्याङ्क समेत जस्ता सेवाहरु यस बैंकले प्रदान गर्दछ ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

बैंकले केन्द्रीय कार्यालय, काठमाडौमा रहेको एकाई कार्यालय तथा देश भरिमा रहेका ९ वटा इलाका कार्यालयहरु इटहरी, विर्तामोड, हेटौंडा, जनकपुर, गजुरी, पोखरा, वुटवल, नेपालगञ्ज र अत्तरियामा रहेका जिम्बेवार कर्मचारीहरु मार्फत सेवा प्रदान गर्दै आएको छ जसको विवरण बैंकको वेवसाइट www.skbbl.com.np मा राखिएको छ ।

**च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय:**

यस बैंकबाट सेवा प्राप्त गर्न कुनै प्रवेश शुल्क वा सेवा शुल्क लाग्दैन । तर कर्जाको हकमा भने समय समयमा तोकिएको व्याजदर लागु हुनेछ ।

**छ. निर्णय गर्ने प्रकृया र अधिकारी :**

यस बैंकले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिका आदिको अधिनमा रही सञ्चालक समितिले गरेका निर्णयहरु प्रमुख कार्यकारी अधिकृतले कार्यान्वयन गर्ने/गराउने छन् । आवश्यकता अनुसार नीतिगत व्यवस्था र प्रमुख कार्यकारी अधिकृतद्वारा प्रत्यायोजन गरिएका अधिकारको सिमा भित्र रही विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्नेछन् ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

निर्णय उपर उजुरी सुन्नका लागि हाल प्रमुख कार्यकारी अधिकृतलाई गुनासा सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

- डा. शिवराम प्रसाद कोईराला, प्रमुख कार्यकारी अधिकृत,

  साना किसान विकास बैंक लि., केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं

  फोन नं. ०१४१११७५२, इमेल shivramkoirala@gmail.com

**झ. सूचना अधिकारीको नाम, थर**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।

झलेन्द्र भट्टराई, साना किसान विकास बैंक लि.केन्द्रीय कार्यालय,सुविधानगर, तिनकुने, काठमाडौं, फोन नं: ०१ ४१११७५२, इमेल jhalendrab@gmail.com

**ञ. सम्पादन गरेको कामको विवरण :**

यस बैंकले गरेका कार्यहरुको संक्षिप्त विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम माथिको विवरणमा प्रस्तुत गरिसएको छ ।

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३

का अतिरिक्त सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने बैंकले देहाय बमोजिमका बैंक सञ्चालनका नियमावली तथा विनियमावलीहरु बनाई लागु गरेको छ : बैङ्कको प्रबन्धपत्र, बैंकको नियमावली, लेखा दिग्दर्शन २०५९, कर्जा नीति २०६२, कर्मचारी सेवा विनियमावली २०६२, आर्थिक प्रशासन विनियमावली २०७४, कर्जा अपलेखन विनियमावली २०६२, इन्वार्ड विप्रेषण नीति तथा कार्यविधि २०६३, लघुवित्त संस्थाहरूमा थोक कर्जा कार्यान्वयन कार्यविधि २०६६, पशुपालन कर्जा कार्यक्रम तथा कारोबार सञ्चालन कार्यपद्धति २०६७, साना किसान सहकारी अनुसरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०६७, स्वरोजगार कर्जा कारोबार सञ्चालन कार्यविधि २०६८, लिलामीसम्बन्धी कार्यविधि २०६८, कर्मचारी कल्याणकारी कोष तथा बीमा कार्यान्वयन कार्यविधि २०६८, आन्तरिक नियन्त्रण नीति २०६९, नवीकरणीय ऊर्जा कर्जा लगानी असुली कार्यविधि २०७१, सामाजिक/सामुदायिक विकास कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशिका २०७२ र यस्तै अन्य नीति तथा कार्यविधिका अधिनमा रही बैङ्का कार्यहरू सञ्चालन हुने गर्दछन् ।

**ठ. आम्दानी तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी संक्षिप्त विवरण कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको माथिको विवरणमा प्रस्तुत गरिसएको छ । सम्पूर्ण वित्तीय विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी वेवसाईट www.skbbl.com.np मा समेत राखिदै आएको छ ।

**ड. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय वमोजिम रहेको छ**

(१) यस बैंकले साना किसान सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरुलाई लघुवित्तका लागि थोककर्जा प्रदान गर्ने, साना किसान अनुसरण कार्यक्रम सञ्चालन गर्ने आदि कार्यहरु गर्दै आइरहेको छ ।

(२) वेवसाईट : www.skbbl.com.np

(३) वार्षिक विवरणहरु प्रकाशित गरी बैंकको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ । साथै बैंकको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाइटमा समेत सुसूचित गरिदै आएको छ ।


**साना किसान विकास बैंक लिमिटेड**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर तिनकुने, काठमाडौं, फोन नं.०१-४१११८२८,

Website : www.skbbl.com.np, Email: info@skbbl.com.np